# डिजटल संचार युगमा जनप्रतिनिधित्व

**– विनयकुमार कसजू**

संसारमा कुनै पनि राजनीतिक व्यवस्था, चाहे त्यो जति सुकै उत्तम होस्, स्थायी वा सँधैको लागि हुनसक्तैन । समयअनुकूल सबै कुराको परिवर्तन हुन्छ । परिवर्तनको कारक चेतना र ज्ञान हो भने यसको बाहक सूचना तथा संचारका माध्यम र प्रविधिहरू हुन् । सूचना र संचार प्रविधिमा आएको अभूतपूर्व विकासले गर्दा छापाखानाका आविष्कारक गुटेनवर्गको समयको तुलनामा सूचना र ज्ञान फैलाउने गति अकल्पनीय ढंगले बढेको छ । यसको प्रभाव आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक लगायत मानिसको चिन्तन र व्यवहारमा पर्नु स्वाभाविक हो । राजनीतिक व्यवस्था सूचना र संचारको आधारमा चल्ने भएको हुनाले यो प्रभाव राजनीतिमा पर्नु स्वाभाविक हो । सूचना तथा संचार प्रविधिको विकास नभएको भए विश्वको राजनीतिक नक्सा बेग्लै हुने थियो । लोकतन्त्रको लहर विश्वव्यापी रूपमा चल्ने थिएन । यदि नेपालमा संचारको विकास नभएको भए, जनताको हातमा रेडियो र टेलिफोन जस्ता सस्ता र सजिला साधन नपुगेका भए शाही सत्ता धेरै वर्ष टिक्थ्यो ।

लोकतन्त्र जनताको अभिमतबाट चल्ने व्यवस्था हो । संसदीय व्यवस्थामा जनताको अभिमत जनप्रतिनिधिहरूबाट प्रकट हुन्छ । अहिलेको लोकतान्त्रिक पद्धतिमा जनताको राजनीतिमा सहभागिता भनेको चुनावमा भोट हाल्ने काममा सीमित देखिन्छ । तर यो व्यवस्था त्यसबेला सुरु भएको हो जुन बेला यातायातको सबैभन्दा छिटो साधन घोडा थियो र संचारको सबैभन्दा द्रुत साधन परेवा थियो । अहिले यातायातको क्षेत्रमा मानिस चन्द्रलोक र अन्तरिक्षको विचरण गर्नसक्ने भइसकेको छ भने सूचना र संचारको क्षेत्रमा एसएमएस, इन्टरनेट र इमेलजस्ता झण्डै मनको गतिमा चल्ने साधनहरू उपलब्ध भइसकेका छन् । प्राविधिक क्षमताको दृष्टिले कुनै पनि विषयमा जनताको अभिमत लिन अब घटौं कुर्नु पर्दैन । यस अवस्थामा चारपाँच वर्षसम्म जनताले आफ्नो अभिमत व्यक्त गर्ने अधिकार बारेसलाई दिनु कत्तिको न्यायोचित हुन्छ ? पलपलमा नयाँनयाँ निर्णय गर्नु पर्ने र पलपलमा निर्णय सार्वजनिक गर्नसकिने आजको युगमा पाँच वर्षको लागि आफनो मत व्यक्त गर्ने अधिकार कसैलाई दिनु कत्तिको सुरक्षित हुन्छ ?

बीसौं शताब्दीको उत्तरार्द्धदेखि शक्तिको स्रोत संचार बन्न थालेको छ । भविष्यविद एडवार्ड कोर्निसको शब्दमा, "सूचना/ज्ञान अति द्रुत गतिले संसारकै सबैभन्दा बहुमूल्य साधन बन्दैछ । ज्ञानले सम्पत्तिको सिर्जना गर्दैछ । यसअघि भूमि/खेत/खानी, श्रम र पूंजी सम्पन्नताको आधार थियो भने अब ज्ञानले नै त्यो ठाउँ लिँदैछ । सूचनाको निर्वाध प्रवाहलाई रोक्न खोज्ने देशहरूले आफैलाई अविकसितता/अन्धकारतिर धकेल्नेछन् ।" सोभियत संघ लगायत कतिपय देशका अधिनायकवादी व्यवस्था ध्वस्त हुनुमा संचारको विकासले महत्वपूर्ण भूमिका खेलेको छ । अहिलेको संचार युगमा अधिनायकवाद र अतिवाद टिक्न सक्तैन भन्ने कुराको उदाहरण हेर्न धेरै टाढा पुग्नु पर्दैन ।

आश्चर्य र दुःखको कुरा, जनतालाई अधिकारसम्पन्न राज्य बनाउने महायज्ञमा लागेका नेपाली राजनीतिक दलहरूले एकलव्यले झैं नयाँ संविधानको कुरा गरे पनि अहिलेको राजनीतिक, आर्थिक तथा आमजीवनलाई डोर्‍याउने नयाँ सूचना र संचारको भूमिकातर्फ गएको देखिँदैन । वास्तवमा कुनै पनि राजनीतिक पद्धतिले संचारबिना काम गर्न सक्तैन । विगतमा राजनीतिक व्यवस्थाले संचार प्रणाली निर्धारण गर्थ्यो भने अहिले संचारले राजनीतिलाई डोर्‍याउन थालेको छ र संचारको यो भूमिका निरन्तर बढिरहको छ । सूचना तथा संचार प्रविधिले यति द्रुत गतिले विकास गरिरहेको छ कि विद्यमान राजनीतिक व्यवस्थाहरूलाई यसले छेकारो काट्न (Bypass) सक्छ । एक्काइसौं शताब्दीको राज्य व्यवस्थामा संचारले खेल्ने भूमिकाको बारेमा कुनै पनि राजनीतिक दलले सोचेको देखिँदैन ।

समाजको सबै क्षेत्रमा परिवर्तन आउने तर राजनीतिक क्षेत्रमा परिवर्तन नआउने भन्ने कुरा हुन सक्तैन । नेपालको पुनःसंरचनाको मुद्दालाई आधुनिक सूचना तथा संचार प्रविधिको प्रभावबाट अगल राखेर हेर्न सकिन्न । पुनःसंरचनाका हरेक विषयमा सूचना प्रविधिले प्रभाव पार्छ भन्ने कुरा विर्स्यौं भने पुनःसंरचना या त अधुरो हुन्छ या एक्काइसौं शताब्दिको समस्या समाधान गर्ने उपायको रूपमा कृषि युगको समाधानतिर लाग्ने सम्भावना बढ्छ ।

अहिले विकसित भएको सूचना तथा संचार प्रविधिमा जनसहभागिताको यो तरिका बिल्कुलै अपर्याप्त छ । जर्मनी निवासी चेकोस्लोभाकियाका लेखक यारोस्लाभ ल्यांगरका अनुसार 'आधुनिक राजनीतिक दलले संचालन गर्ने राज्य प्रणालीको १३० वर्षको इतिहासमा एउटा सानो समूहले राज्य गर्ने परिपाटीको विकास भयो । यसमा दलहरूले आफ्नो मौलिक गुणहरू गुमाउँदै गए र यस्ता अर्द्ध प्रजातान्त्रिक संस्थाहरूको रूपमा स्थापित भए जसले निर्णय गर्ने काममा प्रतिनिधिमूलक प्रक्रियाको मात्रै दुहाइ दिन्छन् ।' तर व्यवहार र वास्तविकतामा ती लोकतान्त्रिक हुँदैनन् ।

सूचना तथा संचार प्रविधिको विकासले गर्दा अहिले स्थान र समयको दूरी महत्वहीन हुँदैछ । मेचीदेखि महाकालीभित्र बस्ने मात्रै होइन संसारका कुनै पनि भागमा बस्ने नेपालीले तत्कालै कुनै पनि विषयमा मत जाहेर गर्ने र चित्त नबुझेको कुराको विरोध गर्ने संचार साधन सुलभ छ । जुनसुकै बेला जनताको राजनीतिमा सक्रिय सहभागिता संभव र सहज छ । आफ्नो हित वा अधिकारको रक्षा र भलाइका लागि कसैलाई कुनै निश्चित भूभागमा जान वा बसाइ सर्न आवश्यक छैन । यसैले जातीय आधारमा संघीय राज्य बनाउने सवालमा संचारको यो भूमिकालाई ध्यानमा राख्नु आवश्यक छ । राज्यको पुनःसंरचनामा संचारको यो वरदानलाई बेवास्ता गरियो भने हामी गुफायुगतिर फर्कन थाल्नेछौं ।

पेरिस युनिवर्सिटीका प्रोफेसर वट्रान्ड वाडेका अनुसार, "आधुनिक मानव समुदायको अस्तित्व तथा सार्वभौमिकता र लोकतन्त्रको अभ्यास गर्ने मुख्य संरचना एवं अन्तर्राष्ट्रिय सम्बन्धको आधार अहिलेको राष्ट्र राज्य (Nation State) हो । बीसौं शताब्दीको अन्त्यमा आएर भूमण्डलीकरण र क्षेत्रीयकरणले राष्ट्र राज्यहरूलाई चुनौति दिएको छ । भूमडलीकरण (Globalization) भनेको आर्थिक कुरा मात्रै होइन । भूमण्डलीकरण महत्वपूर्ण प्राविधिक क्रान्तिको जगमा उभिएको छ । यो प्रविधिले संचारको विकासद्वारा दूरी (भूगोल) लाई मेटिदिएको छ । ..... राज्यहरूको सीमाभन्दा पर राज्यको नियन्त्रणलाई बेवास्ता गर्दै संसारभरिका मानिसहरूबीच अन्तर राज्यीय संबंधको अभूतपूर्व वृद्धिले राज्यहरूको सीमा र सार्वभौमिकताको धारणा अर्थहीन हुँदैछ । यसैले संचारले राज्यको खुम्च्याएको भूमिका र आमजनताको अन्तर्राज्यीय सम्बन्धको परिप्रेक्षमा राष्ट्र राज्यका काम/दायित्व/भूमिकाको पुनःसंरचनाको खाँचो परेको हो ।" संघीय राज्य निर्माणमा लागेका राजनीतिक दलहरूले यसमा ध्यान जानु आवश्यक छ ।

अन्य विकासशील देशहरूमा झैं हामीकहाँ पनि कृषि युग र औद्योगिक युगका नेतृत्वकारी शक्तिहरू (Driving Force) सक्रिय छन् । ती शक्तिहरूले आआफ्नै हितअनुकूलको पुनःसंरचनामा जोड दिनु स्वभाविक हो । ती शक्तिहरूले जानाजान वा अज्ञानतावश पनि पुरानो र एक्कइसौं शताब्दीमा नसुहाउने खालको संरचनामा जोड दिनसक्छन् । जातीय, धार्मिक तथा भाषिक भावुकता वा अतिवादमा बहकिएर पनि यस्तो समाधान आउनसक्छ । दिगो र युगानुकूल संरचनाको लागि ती शक्तिहरूलाई एक्काइसौं शताब्दी अनुकूल समाधानबारे बहसमा सामेल गर्नु र शिक्षित पार्नु पनि जरुरी छ ।

अहिलेको बदलिएको भूमण्डलीय परिवेशमा राजनीतिक दलहरूले पाँच वर्षको जनादेश लिएर जनतालाई बिर्सेर शासन गर्ने बिसौं शताब्दीको प्रजातन्त्रको धङधडीबाट आफूलाई मुक्त गर्दै एक्काइसौं शताब्दीको लोकतन्त्रअनुरूप ढाल्नु जरुरी छ । वास्तवमा राज्यको पुनःसंरचना सर्वप्रथम

राजनीतिक दलहरूको पुनःसंचनाबाट सुरु हुनुपर्छ । अहिलेको नेपालमा सबैभन्दा गाह्रो तर गर्नैपर्ने काम यही हो । नत्र जनताको हातमा शक्ति हस्तान्तरणको प्रक्रिया धेरै लम्बिने र गलत दिशामा जाने संभावना पनि हुन्छ ।

धन्यवाद ।

अन्नपूर्ण दैनिक २०६६ असोज २० गते मंगलबार प्रकाशित ।